# मिति २०७९।९।२६ गतेको कार्यपालिका बैठकको निर्णय

**निर्णय नं १.**

यस गाउँपालिका र राष्ट्रिय भूमि आयोग बिच मिति २०७९।०५।२१ गते भएको सम्झौता अनुसार भुमिहिन दलित, भुमिहिन सुकुम्बासि र अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धमा भुमि आयोगबाट प्रथम पटक २०७९।०५।२९ मा सूचना प्रकाशित भएको र लगतै मिति २०७९।०६।०१ गते निर्वाचनको कारण देखाउदै सम्पूर्ण कार्यहरु स्थगित भएको सूचना प्रकाशित भएकोमा पुनः मिति २०७९।०८।२७ गते बाँकी अवधि म्याद रहने गरि स्थगित गरिएको कार्य पुनः सुचारु गर्न प्रकाशित सूचना अनुसार लगत संकलन गर्न नसकिने भएको हुँदा पुन सूचना प्रकाशनको लागि राष्ट्रिय भूमि आयोगमा अनुरोध गरि पठाउने तथा लगत संकलनकर्ताको लागि प्रत्येक वडामा एक जनाका दरले १२ कक्षा पास गरेको र कम्प्युटर समेत जानेको १८ बर्ष पुरा भइ ४० बर्ष ननाघेको रुन्टीगढी गाउँपालिकाको स्थायी बासिन्दालाई वडा अध्यक्षको सिफारिसमा मासिक तलब रु १५,४५०/- पाउने गरि भर्ना गर्ने र सो कार्यका सहजिकरणको भूमिका निर्वाह गर्नका लागि कार्यालयमा एक जना फोकल पर्सनको रुपमा सानुबाबु खड्कालाई तोक्ने तथा निजलाई खाजा खर्चका रुपमा दैनिक रु ६० का दरले उपलब्ध गराउने।

**निर्णय नं २.**

प्रस्ताव नं २ अनुसार चालु आ.ब. को हिउदे अधिवेशन हुने १३ औं गाउँसभा मिति २०७९।१०।११ गते ११ बजे गाउँपालिकाको सभाहलमा बस्ने गरि तयारी गर्ने।

**निर्णय नं ३**

आ ब २०८०।०८१ का लागि प्रदेश तथा स्थानीय तहमा संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना कार्यक्रमका लागि राष्ट्रिय योजना आयोगबाट मिति २०७९।०८।१९ प्रस्ताव आह्वान भएकोले सो अनुसार यस गाउँपालिकाबाट देहाय बमोजिम समपुरक अनुदान तथा विशेष अनुदानका लागि योजना छनौट गर्ने।

तपसिलः

**क) समपुरक अनुदानका लागि छनौट भएका योजना**

१. उवा देखि लापल हुदै लिवाङ्गिआँप वडा कार्यालय जाने बाटो

२. सुर्पाल देखि वडा नं ३ को कार्यालय सम्म जाने बाटो वडा नं ३

३. कोइरालभित्ता देखि सर्पाल वडा कार्यालय सम्म जाने बाटो वडा नं ९

४. हुलाकीडाँडा बान्द्रे हुदै सालिबाङ जोड्ने मोटरबाटो स्तरोन्नति वडा नं ७

**ख) विशेष अनुदानका लागि छनौट भएका योजना**

१. धोर्ले मुहान लिपटीङ खानेपानि योजना वडा नं ८

२. छरछरे अपुते लिपटीङ खानेपानि योजना वडा नं ८

३. इत्रिबाङ पधेरा सेतबाङ कोलम्पा लिपटीङ खानेपानि योजना वडा नं २

४. जम्मुखोला नयाँगाउँ लिपटीङ खानेपानि योजना वडा नं ५

५. गासिम खानेपानि योजना वडा नं ७

६. ने रा मा बि हुब्रिङ छात्रावास निर्माण योजना वडा नं ६

CS Scanned with CamScanner

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस कार्यालयको आबश्यकता अनुसार देहाय बमोजिमका नयाँ कानून तथा भएका कानूनको खारेजि तथा एकिकरण गर्न सैद्धान्तिक सहमति दिने।

क) नयाँ बनाउने कानून

१. सार्वजनिक खरिद नियमावली

२. बजार ब्यबस्थापन सम्बन्धी कार्यविधि

३. मेलमिलाप कर्ता सम्बन्धी कार्यविधि

४. फोहर मैला ब्यवस्थापन सम्बन्धी कार्यविधि

५. संघ संस्था अनुगमन सम्बन्धी कार्यविधि

ख) खारेजि तथा एकिकरण गर्ने कानून

१. आर्थिक सहायता वितरण कार्यविधि २०७७ र विपद ब्यवस्थापन कोष संचालन कार्यविधि २०७४ लाई खारेजि गरि नयाँ बनाउने।

२. करारमा प्राविधिक कर्मचारी ब्यबस्थापन गर्ने कार्यविधि २०७७ र सेवा करारमा कर्मचारी ब्यबस्थापन सम्बन्धी कार्यविधि २०७४ लाई खारेज गरि करारमा कर्मचारी ब्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण गर्ने।

निर्णय नं ५

रुडास नेपाल रोल्पाको मिति २०७९।०८।२७ च.नं. १५ को पत्रानुसार देहायका योजनाहरु गाउँपालिकासँगको पचास प्रतिशत लागत साझेदारीमा निर्माण गर्न प्रस्ताव गरेको हुदा स्टिमेट अनुसार नपुग हुन आउने रकम गाउँपालिकाको समपुरक कोष, सो मा रकम नभए अन्य बचत शिर्षकको रकमबाट व्यहोर्ने गरि योजना कार्यान्वयन गर्ने।

तपसिलः

| क स | प्रस्तावित योजनाको नाम | कुल लागत अनुमान | रुडास नेपालबाट व्यहोरिने रकम | गाउँपालिकाबाट व्यहोरिने रकम | कै |
|---|---|---|---|---|---|
| १ | सिचाइ कुलो निर्माण योजना वडा नं ८ | ४८०००० | २४०००० | २४०००० | |
| २ | सिंचाइ पोखरी निर्माण वडा नं ९ | ४००००० | २००००० | २००००० | |
| ३ | सिंचाइ पोखरी निर्माण वडा नं ५ | २००००० | १००००० | १००००० | |
| ४ | ९ वटा मा वि मा जेसी कक्षा संचालन | ४४४६०० | २२२३०० | २२२३०० | |
| ५ | डिपिङ ट्यांकि निर्माण ४ वटा | २००००० | १००००० | १००००० | |
| ६ | खोर सुधार कार्यक्रम १८ वटा | ३६०००० | १८०००० | १८०००० | |
| ७ | च्यापकटर ४ वटा | ८०००० | ४०००० | ४०००० | |
| ८ | बालि उपचार शिविर | ५०००० | २५००० | २५००० | |
| ९ | सिंचाइ पोखरी निर्माण वडा नं ९ | १६०००० | ८०००० | ८०००० | |

निर्णय नं ६

प्रस्ताव नं ६ अनुसार ठेक्कामा गएका योजनाहरु मध्ये संघसँगको समपुरक अनुदान तथा अन्य ठुला योजनाबाट बचत हुन आएको रकम आबश्कयता अनुसार सोहि योजनामा वा अन्य आबश्यक योजनाका लागि खर्च गर्ने।

CS Scanned with CamScanner

निर्णय नं ७

प्रस्ताव नं ७ अनुसार गत आ.ब. मा यस गाउँपालिकाको कार्यालयबाट संचालन गरिएका प्रशासनिक तथा विकास निर्माणसँग सम्बन्धित कार्यहरुको मुल्याङ्कन गर्ने सन्दर्भमा स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन र वित्तीय जोखिम न्युनिकरण मूल्याङ्कन गरि तयार पारिएको नतिजा क्रमशः संस्थागत क्षमता स्वमूल्याङ्कन तर्फ ६४.७५ र वित्तीय सुशासन जोखिम मूल्याङ्कन तर्फ ६६.५ प्रारम्भिक अंक मूल्याङ्कन गरि समन्वय समितिमा पठाइएको र समन्वय समितिबाट पुनः मूल्याङ्कन भई आएपछि उक्त अन्तिम नतिजालाई कार्यालयको वेभसाइट र अन्य माध्यमबाट प्रकाशित गर्ने तथा सुधार गर्नु पर्ने कुराहरुलाई कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

निर्णय नं ८

प्रस्ताव नं ८ अनुसार बैदेशिक रोजगार बोर्डको सचिवालय काठमाण्डौंको मिति २०७९।०८।१८ गतेको पत्रबाट बैदेशिक रोजगारबाट फर्केका ब्यक्तिहरुका लागि पुनः एकिकरण कार्यक्रम संचालन सम्वन्धमा लागत साझेदारीमा कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गर्ने भनि लेखि आएकोले सो सम्बन्धमा जम्मा लागत अनुमान रु ४७ लाख ३३ हजार ५ सयका आठ वटा बिभिन्न तालिम कार्यक्रम सहित तयार भएको प्रस्ताव वैदेशिक रोजगार बोर्डमा पठाउने र कार्यक्रम स्वीकृत भइ आएमा स्थानीय तहले व्यहोर्ने रकम समपुरक कोपबाट सो नभए अन्य बचत रकमबाट खर्च गर्ने।

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा आ.ब. २०७९।०८० मा मंसिर महिनासम्म गाउँपालिकाको तपसिलको बमोजिम वित्तीय प्रगति माथि छलफल भयो तथा यस आ.व. मा हाल सम्मको प्रगति न्युन देखिएकोले कामहरु रफ्तारमा संचालन गर्ने।

तपसिलः

निर्णय नं १०

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अवस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका व्यक्तिहरुलाई तपसिल बमोजिमको आर्थिक सहयोग दिने।

| क सं | नामथर | ठेगाना | समस्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | छोटेलाल पुन | रुन्टीगढी-२, रोल्पा | सवारी दुर्घटनामा घाइते भएको | रु.१०,०००/- | |
| २ | लिलामति बुढा | रुन्टीगढी-५, रोल्पा | फोक्सोमा पानि जमेको | रु.१०,०००/- | |
| ३ | सिम वहादुर घर्ति | रुन्टीगढी-८, रोल्पा | कामका सिलसिलामा दुवै खुट्टा भाचिएको | रु.४०,०००/- | |

निर्णय नं ११

सुरक्षित आप्रवासन कार्यक्रम (सामि) तर्फ बैदेशिक रोजगारमा गएका ब्यक्तिहरुको प्रोफाइल तयार गर्नका लागि वडा अध्यक्षको सिफारिसमा १२ कक्षा उत्तीर्ण गरेको, स्मार्ट फोन भएको र सो स्मार्ट फोन प्रयोग गर्न जान्ने १८ वर्ष पुरा भइ ४० बर्ष ननाघेको रुन्टीगढी गाउँपालिकाको स्थायी बासिन्दालाई तथ्याङ्क संकलनका लागि गणकका रुपमा करारमा भर्ना गर्ने तथा तिनीहरुको सुविधा कार्यालयबाट निर्धारण भए बमोजिम हुने।

CS Scanned with CamScanner

निर्णय नं १२

सुनछहरी प्राविधिक शिक्षालय घोराही दाङले छात्रवृत्तीमा उद्यम विकास सहजकर्ता र विद्युत टेक्निशियन कोर्ष अध्ययन गराउन गाउँपालिका र प्राविधिक शिक्षालय बिच द्विपक्षीय सम्झौता गरि वडाबाट सिफारिस भएका तपसिल बमोजिमका विद्यार्थीहरुलाई आंशिक छात्रवृत्तीमा अध्ययनका लागि पठाउने।

तपसिलः

| क सं | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | पुष्पा पुन | रुन्टीगढी-४, रोल्पा | |
| २ | तारा कुमारी पुन | रुन्टीगढी-२, रोल्पा | |
| ३ | निर्मला बुढा | रुन्टीगढी-६, रोल्पा | |
| ४ | यमराज वि क | रुन्टीगढी-२, रोल्पा | |
| ५ | यामु कुमारी सार्की | रुन्टीगढी-९, रोल्पा | |
| ६ | बविता रावत | रुन्टीगढी-५, रोल्पा | |
| ७ | पिमा पुरी | रुन्टीगढी-३, रोल्पा | |
| ८ | भिमा सार्की | रुन्टीगढी-९, रोल्पा | |
| ९ | भिषण पुन | रुन्टीगढी-७, रोल्पा | |
| १० | निमा पुन | रुन्टीगढी-१, रोल्पा | |

निर्णय नं १३

रुन्टीगढी गाउँपालिकाको आ ब २०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संचालन गर्न वडा नं ४ मा रहेको श्री सूर्योदय माध्यमिक विद्यालयको खेलकुद मैदान मर्मत तथा सरसफाइ कार्यका लागि गाउँपालिकासँग भएको ब्याक हो लोडर प्रयोग गर्ने।

निर्णय नं १४

रुन्टीगढी गाउँपालिका अन्तर्गत विभिन्न समयमा विपदबाट घरबास तथा खेतबारी क्षति भएकाहरुले दिएको निवेदन उपर यस गाउँपालिकाको विपद व्यवस्थापन समितिको मिति २०७९।०९।२६ को निर्णय अनुसारका प्रभावित तपसिल बमोजिमका घरधुरीलाई राहत उपलब्ध गराउने।

Scanned with CamScanner